देवानगञ्ज गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवानगञ्ज, सुनसरी
१ नं. प्रदेश, नेपाल

## शिलबन्दी कोटेशन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८/०२/२५**

यस कार्यालयको चालु आ.व. २०७७ ०७८ मा यस गाउँपालिका वडा न. ५ को लागि स्वीकृत कार्यक्रम अन्तर्गत तपसिलका मर्मत निर्माण कार्य सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ र नियमावली, २०६४ को नियम ८५ बमोजिम सोझै खरिद सम्बन्धि व्यवस्था बमोजिम शिलबन्दी कोटेशन माध्यमबाट गर्नु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही सोझै खरिद सम्बन्धि व्यवस्था बमोजिम शिलबन्दी कोटेशन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१. तपसिलमा उल्लेखित दस्तुर नगद बुझाई नगदी रसिद वा नगदै बैंक दाखिला यस कार्यालयको नाममा रहेको NIC ASIA बैंक इनरुवा शाखाको सञ्चित कोष खाता नं. २४३CA५००२१९१७००६ मा जम्मा गरेको सक्कल भौचर , निर्माण व्यवसायीले व्यवसाय नविकरण भएको इजाजतपत्र, आयकर तथा मू.अ.क. दर्ता, प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ताको प्रमाणपत्रको प्रमाणपत्र संलग्न राखी देवानगञ्ज गाउँपालिकाको कार्यालय, देवानगञ्जबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ६ औं दिन कार्यालय समय सम्म खरिद गर्न सकिनेछ । खरिद भएको फारम सम्बन्धी कागजात ७ औं दिनको १२ बजेसम्म देवानगञ्ज गाउँपालिक कार्यालयको नाममा सम्बोधन गरी कामको विवरण, शिलबन्दी कोटेशन दाताको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहाछाप गरी दर्ता गराउनु पर्नेछ ।

२ दर्ता भएका शिलबन्दी कोटेशन पत्र ७ औं दिनको २ बजे कार्यालयका प्रतिनिधिहरु र शिलबन्दी कोटेशन पत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा देवानगञ्ज गाउँपालिकाको कार्यालय, देवानगञ्जमा खोलिनेछ । शिलबन्दी कोटेशन वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि शिलबन्दी कोटेशन खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन । शिलबन्दी कोटेशन बिक्री तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको भोलिपल्ट खुलेको दिन सोही बमोजिम हुनेछ ।

३. शिलबन्दी कोटेशनमा दररेट भर्दा मू.अ.क. बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा शिलबन्दी कोटेशन दाताको सहीछाप भएको हुनुपर्नेछ ।

४. रित नपुगी वा म्याद नाघि आएको वा विभिन्न शर्त उल्लेख गरिएको शिलबन्दी कोटेशन उपर कुनै कारवाही हुनेछैन । शिलबन्दी कोटेशन स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

५. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४(संशोधन सहित) बमोजिम हुनेछ ।

६. यो सूचना देवानगञ्ज गाउँपालिकाको www.dewanganjmun.gov.np मा समेत राखिएको छ ।

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान (मु.अ.क. बाहेक) रु. | फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | DRM-ROADS/C/NCB/30/077/78 | रामधनको घर देखि उत्तर पश्चिम जान्ने बाटोमा माटो पुरी ग्रयावेल कार्य वडा न.४ | १,७२,४१३.८० | १०००.०० | |
| २ | DRM-ROADS/C/NCB/31/077/78 | मण्डल टोल देखि उत्तर जाने बाटो मर्मत कार्य वडा न. ४ | १,७३,०९४.७१ | १०००.०० | |
| ३ | DRM-ROADS/C/NCB/32/077/78 | जमाहिर घर देखि बिद्यानन्द घर सम्म जाने बाटोमा माटो पुरी ग्रयाभेल कार्य वडा न. ४ | १,७२,४१३.७९ | १०००.०० | |
| ४ | DRM-ROADS/C/NCB/33/077/78 | इदगाह बोउनडरी वाल निर्माण कार्य वडा न. ४ | ८४,६४०.१८ | १०००.०० | |
| ५ | DRM-ROADS/C/NCB/34/077/78 | दयानन्द पालको घर देखि यादवको घर सम्म जाने बाटोमा माटो पुरी ग्रयाभेल कार्य वडा न. ४ | १,७२,७८६.३० | १०००.०० | |
| ६ | DRM-BUILDINGS/C/NCB/11/077/78 | फोचो दास आ.बि. मा दुई कोठे सोचालय निर्माण कार्य वडा न.६ | ३,४७,४४०.३२ | १०००.०० | |
| ७ | DRM-ROADS/C/NCB/35/077/78 | मोतिटापू जाने बाटोको पुल मर्मत कार्य वडा न.3 | २,६५,५७३.३८ | १०००.०० | |
| ८ | DRM-BUILDINGS/C/NCB/12/077/78 | रामदास मन्दिर मर्मत कार्य वडा न.३ | २,६४,९६८.८३ | १०००.०० | |
| ९ | DRM-ROADS/C/NCB/36/077/78 | रमेश यादव घर देखि दक्षिण वडा न.६ को सिमाना सम्म बाटो मर्मत कार्य वडा न.७ | ४,२६,९२७.७४ | १०००.०० | |
| १० | DRM-ROADS/C/NCB/37/077/78 | रमेश घर देखि उत्तर हुलाकी रोड सम्म को बाटो मर्मत कार्य वडा न. ७ | ४,२७,४६२.५३ | १०००.०० | |

प्रमुख प्रशासकीय अधिकृत